# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, कात्तिक २९ गते २०५३ साल ( पूर्वातिरिक्ताङ्क ३८ (ख+२

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज सरकारबाट साउदी अरेबिया एयरलाइन्स र कजाक एयरका विमानहरू एक आपसमा ठक्कर खाँदा दुर्घटनाग्रस्त भई ४० जनाभन्दा बढी नेपालीहरूसहित ठूलो संख्यामा जीउधनको नोक्सान हुन गएकोमा २०५३ साल कात्तिक २९ गते बक्सेको समवेदना सन्देश**

भारतको दिल्ली नजिक गत मंगलबार साउदी अरेबिया एयरलाइन्स र कजाक एयरका उडिरहेका विमानहरू एक आपसमा ठक्कर खाँदा दुर्घटनाग्रस्त भई ४० जनाभन्दा बढी नेपालीहरू सहित ठूलो संख्यामा जीउधनको नोक्सान हुन गएकोमा हामीलाई दुःख लागेको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारहरूमा सहानुभूति र समवेदना व्यक्त गर्दछौं। दुर्घटनामा परी निधन भएका व्यक्तिहरूका परिवारद्वारा सम्बन्धित सबै पक्षसंग गरिने प्रकृयागत कारवाहीको लागि श्री ५ को सरकारबाट आवश्यक सहयोग हुने नै छ।

हुकुम बक्से बमोजिम,  
पशुपतिभक्त महर्जन  
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।